आज मिति २०८२ साल ज्येष्ठ १० गते शनिबार बडिगाड गाँउपालिका अध्यक्ष श्री गण्डकी थापा अधिकारी ज्यूको अध्यक्षतामा बडिगाड गाउँपालिका, गाउँ कार्यपालिकाको ४८ औं कार्यपालिका बैठक तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी निम्नानुसारका प्रस्तावहरु उपर छलफल गरी निर्णय गरियो।

| क सं | हस्ताक्षर | नाम | पद | कैफियत |
|---|---|---|---|---|
| १. | | श्री गण्डकी थापा अधिकारी | अध्यक्ष | |
| २. | | श्री भिमसेन वन | उपाध्यक्ष | |
| ३. | | श्री बोम बहादुर थापा | सदस्य/वडा अध्यक्ष | |
| ४. | | श्री ढाल प्रसाद शेरचन | सदस्य/वडा अध्यक्ष | |
| ५. | | श्री खड्क बहादुर पुन | सदस्य/वडा अध्यक्ष | |
| ६. | | श्री मिलन रेश्मी | सदस्य/वडा अध्यक्ष | |
| ७. | | श्री विष्णु प्रसाद आचार्य | सदस्य/वडा अध्यक्ष | |
| ८. | | श्री विर बहादुर खत्री | सदस्य/वडा अध्यक्ष | |
| ९. | | श्री दिपेन्द्र प्रताप के.सी. | सदस्य/वडा अध्यक्ष | |
| १०. | | श्री जंग बहादुर बलाल थापा | सदस्य/वडा अध्यक्ष | |
| ११. | | श्री कृष्ण बहादुर के.सी. | सदस्य/वडा अध्यक्ष | |
| १२. | | श्री विरेन्द्र कुमार बुढा | सदस्य/वडा अध्यक्ष | |
| १३. | | श्री चन्द्री रास्कोटी | सदस्य | |
| १४. | | श्री देवी कामी | सदस्य | |
| १५. | | श्री रविना थापा | सदस्य | |
| १६. | | श्री रुनमाया थापा | सदस्य | |
| १७. | | श्री तिपुरे सुनार | सदस्य | |
| १८. | | श्री शान्ते विश्वकर्मा | सदस्य | |
| १९. | | श्री मुक्ति पौडेल | सदस्य सचिब | |
| अन्य उपस्थिति | | | | |
| १ | | दुर्गा राज पाईजा | वडा सदस्य | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

२०८२।०२।१० शनिबार

## ४८ औं कार्यपालिका बैठक

**प्रस्ताव तथा निर्णयहरु**

**१. समिक्षा सम्बन्धमा ।**

अघिल्लो बैठकको समिक्षा गरियो । अधिकांश निर्णयहरु कार्यान्वयन भएको र सन्तोषजनक नतिजा प्राप्तिको अवस्था रहेको पाइयो ।

**२. आगामी आर्थिक बर्षको बजेट तयारी तालिका निर्धारण सम्बन्धमा।**

आर्थिक बर्ष २०८२।८३ को बजेट तयारीका लागि देहायबमोजिम हुने गरि बजेट तयारी तालिका स्वीकृत गर्ने निर्णय गरियो।

| क.सं | समय | क्रियाकलाप | कै. |
|---|---|---|---|
| १ | २०८२।०२।१५ सम्म | बस्ती स्तरमा माग सञ्चालन गर्ने। | |
| २ | २०८२।०२।१६ | वडा तहको योजना तर्जुमा गर्ने। | |
| ३ | २०८२।०२।१८ | वडा तहको योजना तर्जुमाको निर्णय गाउँपालिका पठाउने। | |
| ४ | २०८२।०२।१९ | गैरसरकारी संस्था सामुदायिक संघ संस्था सहकारी संस्था र निजी क्षेत्रको सुझाव लिने। | |
| ५ | २०८२।०२।२१-२५ | प्राप्त सुझाव तथा योजनामाथि विषयगत समितिमा छलफल गर्ने। | |
| ६ | २०८२।०२।२६ | बजेट र मार्गदर्शन बमोजिम विषयगत समितिको कार्यक्रम यकिन गर्ने। | |
| ७ | २०८२।०२।२८ | आवधिक योजना र मध्यमकालिन खर्च संरचना सँग बजेटको प्रस्तावमाथि छलफल गर्ने | |
| ८ | २०८२।०२।३० | आवधिक कार्यक्रम र बार्षिक कार्यक्रमको सामञ्जस्यता कायम गरी आयोजना बैङ्क तयार गर्ने | |
| ९ | २०८२।०३।०१ | बजेटको सीमा निर्धारण गर्ने। | |
| १० | २०८२।०३।०३ | आयोजना बैङ्कमा समावेश योजनाको समावेश गर्ने। | |
| ११ | २०८२।०३।०४ | श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठक सम्पन्न गर्ने। | |
| १२ | २०८२।०३।०५ | विषयगत समितिमा योजनाको प्राथमिकिकरण गरी अन्तिम रुप दिने। | |
| १३ | २०८२।०३।०७ | बजेट तथा कार्यक्रम र विनियोजन विधेयकको मस्यौदा तयार गरी कार्यपालिका पेश गर्ने। | |
| १४ | २०८२।०३।१० | गाउँसभाको अधिवेसन प्रारम्भ गर्ने। | |

२०८२ ज्येष्ठ १० गते शनिबार

## ४८ औं कार्यपालिका बैठक

३. पोषणमैत्री स्थानीय तह अन्तरगत वडा घोषणाका लागि तयारी सम्बन्धमा।

पोषणमैत्री स्थानीय शासन अन्तर्गतका पोषणमैत्री उन्मुख वडा र पोषणमैत्री स्वास्थ्य संस्था घोषणा गरि पोषणमैत्री वडा घोषणा गर्नका लागि आवश्यक तयारी गर्ने निर्णय गरियो।

४. राजश्व सम्बन्धमा ।

बडिगाड गाउँपालिकामा चालु आर्थिक बर्षमा संकलन भएको राजश्वको समिक्षा गर्दै आगामी आर्थिक बर्षका लागि पनि राजश्वको प्रक्षेपण हालकै आर्थिक बर्षको लक्ष्यलाई अनुसरण गर्ने निर्णय गरियो।

५. रकमान्तर सम्बन्धमा।

वडा नं ५ मा वितरण गरिएको धानको विउको भुक्तानि धार्मिक तथा सांस्कृतिक संस्था सहायता मेला महोत्सव खर्च तथा सहायता शीर्षकबाट भुक्तानि गर्ने।

वडा नं २ को कार्यालयमा फर्निचर फिक्सचर्स व्यवस्थापनका लागि सालफेट शाखा बाटो निर्माण शिर्षकबाट २५ प्रतिशतले हुन आउने रकम रकमान्तर गरि भुक्तानि गर्ने।

आधारभूत तह स्तरीय परिक्षा सञ्चालन तथा व्यवस्थापनका लागि अपुग खर्च प्रधानाध्यापक बैठक सञ्चालन तथा भत्ता शिर्षकबाट रकमान्तर गरि भुक्तानि दिने।

मालारानी खेलमैदान निर्माण बडिगाड ९ को अपुग भुक्तानि राममन्दिर टावर पदमार्ग निर्माण वडा नं ९ शिर्षकबाट रु १००००० रकमान्तर गरि भुक्तानि दिने।

६ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको कार्यक्रम स्वीकृत सम्बन्धमा।

बडिगाड गाउँपालिकाका लागि गण्डकी प्रदेश सरकारबाट विशेष अनुदानमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण शिर्षकमा विनियोजित रु बीस लाख बजेटलाई तपशिल बमोजिमका कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

तपशिल

| क सं. | कार्यक्रम | बजेट रु |
|---|---|---|
| सूचक नं १ | | |
| १ | लैंगिक समानता तथा सामाजिक समावेशिकरण कानूनी विषयमा जनप्रतिनिधि सरोकारवाला अभिमुखिरण | १५०००० |
| २ | लैंगिक समानता विषयमा महिला र किशोरीहरुको लागि सशक्तिकरण कार्यक्रम | १००००० |
| ३ | किशोरीहरुका लागि महिनावारी स्वच्छता र बालबिवाह न्यूनीकरण सम्वन्धि अभिमुखिकरण | १००००० |
| ४ | लैंगिक समानता तथा सामाजिक समावेशिकरण सम्वन्धि लेखापरिक्षण GESI | २००००० |

२०८२ ज्येष्ठ १० गते शनिबार

४८ औं कार्यपालिका बैठक

| | | |
|---|---|---|
| सूचक नं २ | | |
| १ | मोबाइल र सिमकार्ड खरिद | १०००० |
| २ | हेल्पडेस्क कम्प्युटर खरिद | १००००० |
| ३ | सम्पर्क बिन्दु स्थापना र सञ्चालन | ३०००० |
| सूचक नं ३ | | |
| १ | समाषेशी विकासका लागि क्षमता विकास कार्यक्रम | १००००० |
| २ | जनप्रतिनिधिको लागि क्षमता विकास कार्यक्रम | १५०००० |
| ३ | विपद पुर्वतयारि तथा प्रतिकार्य र परियोजना का लागि सामाग्री खरिद | ५०००० |
| ४ | लक्षित वर्ग विशेष राहत वितरण | १००००० |
| ५ | लक्षित वर्गलाई आयमुलक र सिपमुलक कार्यक्रम | ३१०००० |
| ६ | लोकसेवा तथा शिक्षकसेवा तयारी कक्षा सञ्चालन | १००००० |
| सूचक नं ४ | | |
| १ | स्यानटरि प्याडको व्यवस्थापन | ५०००० |
| २ | स्तनपान कक्ष र बाल स्याहार केन्द्र स्थापना | ५०००० |
| ३ | सूचना तथा सन्देशमुलक सामाग्रि प्रकाशन | १००००० |
| सूचक नं ५ | | |
| १ | सेवाप्रदायक निकायसँग कार्यस्थल कार्यन्वयन अन्तरक्रिया कार्यक्रम | १००००० |
| २ | सेवाप्रवाह सम्बन्धि एकिकृत घुम्ति शिविर | १००००० |
| ३ | लैंगिक हिंसामा परेको बालबालिका राहत वितरण कार्यक्रम | ५०००० |
| ४ | स्वरोजगार तथा वैदेशिक रोजगारमा जाने महिलाहरुको अभिमुखिकरण | ५०००० |
| | जम्मा | २०००००० |

७. धानको बिउ खरिद सम्बन्धमा ।

बडिगाड गाँउपालिकामा चालु आर्थिक बर्ष २०८१।८२ को स्वीकृत कार्यक्रम अन्तर्गत ५०% अनुदानमा धानको बिउ वितरण गर्नका लागि कृषकको व्यापक मागका आधारमा शंकर ३१२ जातको उन्नत धानको बिउ खरिद गरि वितरण गर्ने निर्णय गरियो।

८. रकमान्तर सम्बन्धमा।

प्रस्तुत विषयमा बडिगाड गाउँपालिकाको स्वीकृत बार्षिक कार्यक्रम अनुसार सीप विकास जनचेतना तालिम तथा गोष्ठी शिर्षकमा विनियोजित रु ७००००० अक्षरुपि सात लाख रुपैंया मध्येबाट रु १०००० अक्षरुपि एक लाख रुपैंया मात्र रकमान्तर गरि हाँडिखोला सिमलचौर सिंचाइ कुलो मर्मत योजनाको भुक्तानि दिने निर्णय गरियो।

२०८२ ज्येष्ठ १० गते शनिबार